# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७) काठमाडौं, वैशाख १२ गते २०५४ साल (अतिरिक्ताङ्क ४ (आ)

## भाग ४

श्री ५ को सरकार

### शिक्षा मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५४।१।१२ को निर्णय अनुसार मौजुदा शिक्षा नीति कार्यक्रम र संगठनको अध्ययन तथा विश्लेषण गरी मुलुकको राष्ट्रिय आवश्यकता अनुरूप स्वावलम्बी र दक्ष जनशक्ति निर्माण गर्न विद्यमान शिक्षा नीति, कार्यक्रम र संगठनात्मक स्वरूपलाई अझ बढी सुदृढ गर्न अधिराज्यभर संचालित शिक्षा प्रणालीको पुनरावलोकन र अध्ययन गरी एक्काइसौं शताब्दीसंग प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति तयार गर्नका लागि समय सापेक्ष शिक्षा नीति तयार गर्ने सम्बन्धमा राय सुझाव सहितको प्रतिवेदन पेश गर्न शैक्षिक क्षेत्रसंग सम्बन्धित व्यक्ति तथा संस्थाहरू समावेश गरी एक उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग गठन गरेको छ ।

१. आयोगको गठनः (१) आयोगमा देहायबमोजिमका अध्यक्ष तथा सदस्यहरू रहने छन् :–

| | |
|---|---|
| (क) माननीय शिक्षा मन्त्री श्री देवीप्रसाद ओझा | अध्यक्ष |
| (ख) डा. बल्लभमणि दाहाल | उपाध्यक्ष |
| (ग) उप-कुलपति, त्रिभुवन विश्वविद्यालय | सदस्य |
| (घ) उप-कुलपति, महेन्द्र संस्कृत विश्वविद्यालय | " |
| (ङ) उप-कुलपति, काठमाडौं विश्वविद्यालय | " |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) डा. विश्वनाथ अग्रवाल — सदस्य
(छ) डा. गणेशमान गुरुङ्ग — "
(ज) श्री बसन्तलाल श्रेष्ठ — "
(झ) श्रीमती सुषमा आचार्य — "
(ञ) डा. जयराम अवस्थी — "
(ट) डा. मीनबहादुर बिष्ट — "
(ठ) श्री बाबुराम भट्टराई — "
(ड) प्रतिनिधि, नेपाल प्राध्यापक संघ — "
(ढ) प्रतिनिधि, नेपाल राष्ट्रिय शिक्षक संगठन — "
(ण) प्रतिनिधि, नेपाल शिक्षक संघ — "
(त) प्रतिनिधि, नेपाल राष्ट्रिय शिक्षक परिषद् — "
(थ) प्रतिनिधि, नेपाल शिक्षक मंच — "
(द) प्रतिनिधि, निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन — "
(ध) विशेष-सचिव, शिक्षा मन्त्रालय — सदस्य-सचिव

(२) आयोगमा देहायबमोजिमका आमन्त्रित सदस्यहरू रहनेछन्:–

(क) माननीय शिक्षा राज्यमन्त्री
(ख) सदस्य, राष्ट्रिय योजना आयोग (शिक्षा हेर्ने)
(ग) सचिव, शिक्षा मन्त्रालय
(घ) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग
(ङ) उपाध्यक्ष, उच्च माध्यमिक शिक्षा परिषद्
(च) उपाध्यक्ष, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
(छ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ ।

२. आयोगको कार्यक्षेत्र : राष्ट्रिय शिक्षा आयोग, २०४९ को प्रतिवेदन र शिक्षासंग सम्बन्धित अध्ययन, अनुसन्धान र अन्य प्रतिवेदन तथा कार्यान्वयन स्थितिको समीक्षा गर्नुको अतिरिक्त आयोगको कार्यक्षेत्र देहायबमोजिम हुनेछ :–

(क) शैक्षिक नीति तथा कार्यक्रम आदिको समीक्षा, सुदृढीकरण र वैकल्पिक व्यवस्था ।
(ख) निःशुल्क तथा अनिवार्य शिक्षा र मातृ भाषामा शिक्षा ।
(ग) पूर्व प्राथमिकदेखि उच्च माध्यमिक विद्यालयसम्म संचालित कार्यक्रमहरूको गुणस्तरीयता र सुदृढीकरण ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) शैक्षिक परियोजनाहरूको संचालन र कार्यक्रमहरूको निरन्तरता ।

(ङ) शैक्षिक व्यवस्थापनको सुदृढीकरणका लागि शिक्षासंग सम्बद्ध निकायको संगठनात्मक संरचना, कार्य पद्धति ।

(च) शैक्षिक कार्यक्रमहरूको निरीक्षण, अनुगमन र मूल्यांकन पद्धति ।

(छ) शिक्षामा जनसहभागिता, आर्थिक पक्ष र सरकारी लगानी ।

(ज) संस्कृत शिक्षा ।

(झ) सामाजिक, आर्थिक, भौगोलिक आदि दृष्टिले पिछडिएका वर्गका लागि शिक्षामा समान अवसर ।

(ञ) विशेष शिक्षा, अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम ।

(ट) शिक्षकहरूको सेवा, वृत्ति विकास र छनौट प्रक्रिया ।

(ठ) निजी तथा आवासीय विद्यालय ।

(ड) परीक्षा तथा मूल्यांकन पद्धति ।

(ढ) शिक्षक तालिम तथा शैक्षिक जनशक्ति विकास ।

(ण) उत्पादनशील, रोजगारी मूलक र प्राविधिक तथा व्यावसायिक शिक्षा ।

(त) बहु विश्वविद्यालय प्रणाली ।

(थ) विज्ञान तथा प्राविधिक शिक्षा ।

(द) आयोगले उचित ठहऱ्याएको अन्य पक्ष ।

३. आयोगको कार्यावधिः आयोगको कार्यावधि आयोग गठन भएको मितिले ६ महिनाको हुनेछ ।

४. आयोगको कार्यविधिः आयोगको कार्यविधि आयोग स्वयंले निर्धारण गरे बमोजिम हुनेछ ।

५. आयोगको सचिवालय र कर्मचारीसम्बन्धी व्यवस्थाः आयोगको एउटा छुट्टै सचिवालय हुनेछ र आवश्यक कर्मचारीको व्यवस्था शिक्षा मन्त्रालयबाट गरिनेछ ।

आज्ञाले,
शरदकुमार भट्टराई
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबारबाट काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।